परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १४ ❑ अंक ३४ २०८२ चैत १५ आईतवार Sunday, 29 MAR 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-



'कोशीको गौरव हिमालको सान पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन वर्ष, २०८२ सफल पारौं ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल


## गुणस्तरीय निर्माण कायम गरी पूँजीगत खर्च बढाउने : मख्यमन्त्री कार्की




विराटनगर । आगामी वर्ष देखि गुणस्तरीय निर्माण कायम गरी पूँजीगत खर्च बढाई प्रत्येक चौमासिकमा खर्च निर्धारण गरी अगाडि वढ्ने कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले वताउनु भएको थियो ।

मुख्यमन्त्री कार्कीले प्रदेशको बजेट खर्चको वृद्धि गरी आर्थिक चलायमान गराउने वताउदै विगत वर्षहरूमा राज्य संरचना का अन्य क्षेत्रको तुलनामा प्रदेश संरचनाले वित्तीय प्रगति उल्लेख्य हासिल गरेको दावी गर्दै यसपालि पनि प्रदेश संरचनाले वित्तीय प्रगति हासिल गर्ने बताउनु भयो । विराटनगर मा उद्योग संगठन मोरङले आयोजना गरेको घर निर्माण सम्बन्धी प्रदर्शनीलाई सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले सो कुरा वताउनु भएको थियो ।

हरेक जनताको आकांक्षा सँग जोडिएको घर निर्माण जस्तो प्रदर्शनी लगाएर संगठनले उत्कृष्ट कार्य गरेको बताउनु भयो । संगठनले जनतालाई भूकम्प प्रतिरोधात्मक, आगलागी बाट कम क्षति हुने, हावाहुरी र चट्याङ्गवाट सुरक्षित घरमा निर्माणका लागि जनचेतना वृद्धि गर्ने कार्य गर्नुपर्ने सुझाव दिनु भएको थियो ।

मुख्यमन्त्री कार्कीले संगठनले विराटनगरका पायक पर्ने स्थानमा चारदेखि पाँच कठ्ठा जग्गा उपलब्ध गराएमा आगामी दुई वर्षभित्र आधुनिक, सुविधासम्पन्न प्रदर्शनी स्थल निर्माण गर्ने प्रतिवद्धता व्यक्त गर्दै विराटनगरमा प्रदर्शनी अन्य स्थानमा भन्दा स्तरीय हुने भएकोले यसवाट जनता एवं निर्माण तथा सेवा व्यवसायीले लाभ लिने विचार राख्नु भएको थियो ।

उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठी, उपाध्यक्ष भोलेश्वर दुलाल, प्रदर्शनी संयोजक सुरेन्द्र गोल्छा, उद्योग व्यापार संघ मोरङका अध्यक्ष अनुपम राठी प्रदर्शनी निर्माण उद्योगलाई चलायमान गराउन सहयोग पुग्ने धारणा राख्नु भएको थियो ।

नेपाली निर्माण सामाग्री तथा सेवाहरुको प्रवर्धन,स्वदेशी

वांकी अन्तिम पेजमा...

## मधेशी समुदायबाट बालेन शाह पहिलो प्रधानमन्त्री

विराटनगर । मधेशी समुदाय बाट पहिलो प्रधानमन्त्री बालेन शाहले शपथ लिएसंग १५ सदस्य मन्त्री मण्डल समेत राष्ट्रिपतिवाट शपथ लिएपछि मन्त्री परिषद्को पहिलो बैठकले गौरी बहादुर कार्की आयोगले दिएको प्रतिवेद कार्यान्वयन लैजाने निर्णय लिएका थिए ।

सोही अनुसार गृहमन्त्री सुदन गुरुगले पूर्व प्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र पूर्व गृहमन्त्री तथा नेपाली कांग्रेसका नेता रमेश लेखकलाई पक्राउ गरेपछि नेकपा एमाले सडकमा आन्दोलन थालेका छन् ।

एमाले अध्यक्ष ओलीको गुण्डुस्थित निवासमा प्रवेश गरेर शनिवार विहानै प्रहरीले पक्राउ थियो । अध्यक्ष ओलीलाई पक्राउ गर्न रातिदेखि नै प्रहरी टोली ओली निवास गुण्डु पुगेको थियो ।

पूर्व गृहमन्त्री लेखकलाई पनि प्रहरीले शनिवार विहान पक्राउ गरेको थियो । भक्तपुरको कटुन्जे स्थित निवासबाट लेखकलाई प्रहरीले पक्राउ गरेको थियो ।

सोही पक्राउको विरोधमा नेकपा एमालेका कार्यकर्ताहरुले काठमाण्डौ, झापाको दमक, मोरंगको विराटनगरबाट आन्दोलन थालेका छन् ।

गत भदौ २४ र २४ गते भएको जेनजी आन्दोलनमा दमन गरेको भन्दै गौरीबहादुर कार्कीको नेतृत्वमा गठित आयोगले ओली र लेखकलाई दोषी किटान गरेको छ ।

सोही अनुसार सकारले प्रतिवेदन कार्यान्वयन गर्न पक्राउ गरिएको जनाएको छ । एमालेले प्रतिशोध भनेको छ भने सरकारले न्यायसंगत पक्राउ गरेको शिक्षामन्त्री सस्मित पोखरेलले दाबी गरेको छ ।

ओली र लेखक दोषी देखिएपनि पक्राउ प्रक्रिया आलि छिटो भएको आमजनताका गुनोसो छ

शाहको मन्त्री मण्डलमा, स्वर्णिम वाग्ले अर्थमन्त्री, सुधन गुरुङ गृह, शिशिर खनाल परराष्ट्र, सुनिल लम्साल भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास, विराजभक्त श्रेष्ठ ऊर्जा जलस्रोत तथा सिंचाइ, खड्कराज पौडेल ( गनेश) पर्यटन, सस्मित पोखरेल शिक्षा विज्ञान, तथा प्रविधि र युवा तथा खेलकुद मन्त्रलयको जिम्मेवारी पाएका छन् ।

त्यसैगरी निशा मेहता स्वास्थ्य तथा जनसंख्या, विक्रम तिमिल्सिना सञ्चार, प्रतिभा रावल सामान्य प्रशासन, दीपक साह श्रम रोजगार सोविता गौतम कानुन गीता चौधरी कृषि तथा पशुपन्छी विकास र वन तथा वातावरण, सीता वादी महिला, बालबालिका मन्त्रालयको जिम्मेवारी पाएका थिए ।

## छुवाछुत अन्त व्यवहारमा नदेखिएको आरोप

विराटनगर । विराटनगर स्थित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कोशी प्रदेश विराटनगरको सहकार्यमा दलित महिला महासंघ मोरङले आयोजना गरेको ६१ औं अन्तर्राष्ट्रिय जातीय तथा रङ्गभेद विषयक अन्तरक्रिया कार्यक्रम मा दलित अगुवाहरुले सरकारले छुवाछूत अन्त्य घोषणा गरेपनी व्यवहारमा नदेखिएको दलित अगुवाहरुले आरोप आरोप लगाएका छन् ।

'जातीय विभेद अन्त्यका लागि राजनीतिक दृढ इच्छाशक्ति सशक्त बनाऔं' भन्ने अन्तर्राष्ट्रिय नारा तथा 'दलित समुदायको न्यायमा पहुंचका लागि राज्य संरचनाको प्रभावकारी परिचालन' भन्ने राष्ट्रिय नाराका साथ सम्पन्न ६१औं अन्तर्राष्ट्रिय जातीय तथा रङ्गभेद उन्मूलन दिवसका सन्दर्भमा आर्थिक, सामाजिक र जनसाङ्ख्यिक अवस्थाको तुलनात्मक विश्लेषण गर्दै अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको भएकोछ ।

कार्यक्रममा इन्सेकका कोशी प्रदेश संयोजक मनोहर कुमार पोखरेलले दलित र गैरदलित जनसङ्ख्याको सामाजिक-आर्थिक अवस्थाको तुलनात्मक विश्लेषणले समाज वर्ण तथा जात व्यवस्थाको जाँतोमा पिल्सिएको स्पष्ट पार्दै शिक्षा, जन्म, मृत्यु दर, औसत आयु, आर्थिक अवस्था आदीको तथ्यांकमा टेकेर विश्लेषण गर्नुपर्ने र सोही अनुरूप राज्यले नीति, कानुन निर्माण गरी

बांकी अन्तिम पेजमा...


कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर

मौसमसम्बन्धी सही सूचना प्रास गरौं, सुरक्षित भविष्य निर्माण गरौं।

- मौसम तथा जलवायु सम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं ।
- वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं ।

NeMato TILES PRESENTS
CIM HOME Build exhibition MARCH 26-30, 2026
अवलोकन गर्नुहोस, सहभागी बन्नुहोस
विराटनगरमा पहिलो पटक आयोजना हुदैछ
घर निर्माण प्रदर्शनी
प्रदर्शनीका मुख्य आकर्षणहरू
प्रवेश निशुल्क
आयोजक
चैत्र १२ देखि १६, २०८२
जैन भवन, विराटनगर
बिहान १० बजेदेखि
वेलुकी ६ बजेसम्म

## पहिलो पटक...

उत्पादनको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि तथा आयात प्रतिस्थापन मार्फत देशको निर्माण क्षेत्रलाई आत्मनिर्भर बनाउनु प्रदर्शनीको मुख्य उद्देश्य रहेको छ ।

उक्त प्रदर्शनीमा घर निर्माणका लागि आवश्यक सम्पूर्ण जानकारी, प्राविधिक जनशक्ति, सामाग्रीहरु एकै स्थानबाट जानकारी प्राप्त हुने संगठनका अध्यक्ष नन्दकिशोर राठीले बताउनु भयो ।

कोशी प्रदेशमा प्रदर्शनी पहिलो पटक आयोजना गरिएको हो भने प्रदर्शनी स्थलमा विभिन्न घर निर्माण सामाग्रीहरुका ७५ बटा स्टलहरु रहेका छन् ।

प्रर्दशनीमा डिजाईन तथा प्लानिङ अन्तरगत वास्तुकला, संरचनात्मक इञ्जिनियरिङ तथा वास्तु परामर्श सेवा, निर्माण सामाग्री अन्तरगत सिमेन्ट, इटा, स्टिल, वाटरप्रुफिङ र इन्सुलेसन स्यानिटरी तथा प्लम्बिङ अर्न्तगत पाइप, फिटिङ, फिक्स्चर र पानी प्रशोधन प्रणाली तथा विद्युत तथा उर्जा अन्तरगत वायरिङ, स्विच, सौर्य प्रणाली, स्मार्ट होम प्रविधि, लिफ्ट, साउन्ड प्रुफिङ तथा सेफ्टी सुरक्षा जस्ता उत्पादन र सेवाहरु रहने अध्यक्ष राठीले जानकारी दिनुभयो ।

## छुवाछुत...

प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा पोखरेलले जोड दिए ।

अन्तरक्रियामा रिडेफ नेपाल का अध्यक्ष उमेश विश्वकर्माले दलित समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाको रूपान्तरणका लागि नीति निर्माताहरूले आवश्यकता को पहिचान गर्न आवश्यक रहेको वताउँदै राज्यले परम्परा गत ढङ्गले दलितलाई केही बजेट दिए जस्तो गर्नुभन्दा पनि राष्ट्रिय जनगणनाका आधारमा दलित र गैरदलित समुदायबिच देखिएको असमानता हटाउने गरी तीनै तहका सरकारले कार्यक्रम र बजेट बनाउनुपर्ने जोड दिएका थिए ।

फेडो मोरङकी अध्यक्ष शर्मिला परियारले ०७८ को जनगणना अनुसार दलित र गैरदलित समुदायबिच शौचालय जस्तो आधारभूत विषयमा समेत निकै अन्तर देखिएकाले तथ्याङ्क विश्लेषण गरी दलित समुदाय लाई राज्यको लगानी आवश्यक रहेको वताउँदै सरकारले छुवाछूत अन्त्य घोषणा गरेपनी ब्यवहारमा नदेखिएको आरोप समेत लगाए ।

कार्यक्रममा फेडोका कार्यक्रम संयोजक नर बहादुर आउजीले राष्ट्रिय जनगणना २०७८ दलितसम्बन्धी तथ्याङ्कीय प्रतिवेदनको सारांश प्रस्तुतीकरण गरेको थियो ।

कार्यक्रममा सहभागीहरूले दलित समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणका लागि तथ्याङ्कका आधारमा राज्यको लगानी हुनुपर्नेमा जोड दिदै तथ्याङ्क अनुसार दलित र गैर दलित, पहाडी र मधेशी दलित समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थामा देखिएको अन्तरका आधारमा प्राथमिकता राखी राज्यले लगानी गर्नुपर्नेमा जोड दिनुका साथै सरकारले छुवाछूत अन्त्य घोषणा गरेपनि ब्यवहार लागु नगरेको आरोप लगाए ।

सहभागी सञ्चारकर्मी र अधिकारकर्मीहरूले विभेद अन्त्यका लागि दलितका सवालहरू उठाउनु पर्ने, स्थानीयकरण गरेर आम मानिससम्म पुऱ्याउनुपर्ने, नेपालको दलित आन्दोलनलाई अन्तर्राष्ट्रिय आन्दोलनसँग जोडनुपर्ने, राज्यलाई दबाब दिनुपर्ने, सर्ड कमिटीले दिएका सुझावहरू कार्यान्वयन गर्नुपर्ने, र अभियानलाई साझा बनाउनुपर्ने आवश्यक्ता औल्याएका छन् ।

इन्सेक कोशी प्रदेश संयोजक मनोहरकुमार पोखरेलको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन इन्सेक प्रलेख अधिकृत पुण्यप्रसाद अधिकारीले गर्नुभएको थियो ।

सन् १९६० मार्च २१ मा दक्षिण अफ्रिकाको सार्पभिल्लेमा रङ्गभेदी कानुनविरुद्ध भएको शान्तिपूर्ण जनप्रदर्शनमा राज्यसत्ताले ६९ जनाको हत्या गरेको नरसंहारविरुद्ध विश्व मानव समुदायको निरन्तर खबरदारी र ऐक्यबद्धताका कारण सन् १९६६ मा संयुक्त राष्ट्रसंघले सबै प्रकारका जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि पारित गर्दै मार्च २१ लाई दिवसका रूपमा मनाउने घोषणा गरेको थियो ।

## "जाउँ है पोखरा"...

प्याराग्लाइडिङ, अल्ट्रालाइट, क्यानोनिङ, लगायत दर्जनौं पर्यटकीय सेवा उपलब्ध रहेको अवगत गराउँदै पोखरा नेचर, कल्चर र एड्भेञ्चर सबै हिसावले उपयुक्त पर्यटकीय गन्तव्य रहेको होटल व्यवसायीहरूको भनाइ छ ।

आगामी चैत २९ देखि वैशाख १ गते सम्म फेवा तालको किनार लेकसाइडमा २१ औं फेवा नव वर्ष महोत्सव आयोजनाको अबसरमा आगन्तुक पाहुनालाई होटलको प्रकाशित दररेटमा २५ प्रतिशत सम्म छुट दिई सेवा प्रदान गर्ने अध्यक्ष सुवेदीले वताउनु भयो ।

उक्त कार्यक्रममा होटल संघ कोशी प्रदेशका अध्यक्ष राजन श्रेष्ठ, उपाध्यक्ष भविष्य श्रेष्ठ, गण्डकी प्रदेश अध्यक्ष मणीराज लामेछाने लगायत होटल व्यवसायीहरूको उल्लेख्य उपस्थित रहेको थियो ।

गर्दछन् । स्नान गरी पवित्र भएर व्रत बस्ने गरिन्छ भने रामगीता र रामायण पाठ पनि गरिन्छ । रामभक्तियुक्त भजनकीर्तनका साथ राति जाग्राम बस्ने परम्परा पनि छ ।

धार्मिक शास्त्रअनुसार भगवान् श्रिरामले परिवार, समाज र राज्यभित्र कायम हुनुपर्ने सबै मर्यादाको कायम गरेका कारण मर्यादा पुरुषोत्तम भनिएको हो । राम राज्यका नामले परिचित भगवान् रामको राज्य न्यायका लागि नमूना मानिन्छ ।


### पानीको स्रोत संरक्षण गरौं, जैविक विविधता जोगाऔं

- खानेपानीका स्रोत संरक्षण गरौं,
- पानीको दुरूपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुल्ला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी संकलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लाष्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपन गरौं,
- पानीजन्य रोगबाट बच्न सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड



### सम्पुर्ण खाद्य उद्योगी व्यवसायीहरुमा अनुरोध

उपरोक्त विषयमा, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागद्वारा प्रदान गरिने खाद्य उद्योग दर्ता सिफारिस एवं अनुमति पत्र जारी तथा नवीकरण सम्बन्धी सेवालाई थप सरल, सहज र प्रविधिमैत्री बनाउने उद्देश्यले अनलाइन प्रणाली (Online System) कार्यान्वयनमा ल्याइएको छ ।

अतः सम्बन्धित सबै सरोकारवालाहरूले उद्योग दर्ता सिफारिस एवं अनुमति पत्र जारी तथा नवीकरण सम्बन्धी सम्पूर्ण प्रक्रिया अनलाइन माध्यमबाटै अगाडि बढाउनुहुन अनुरोध छ । माथि उल्लेखित सेवाका लागि विभागको पोर्टल

www.neffils.dftqc.gov.np

मार्फत आवेदन दिन सकिने व्यहोरा जानकारी गराइन्छ ।

यस सम्बन्धी आवश्यक प्रक्रियाका लागि उक्त पोर्टलको "User Guide" सेक्सन हेर्न वा थप जानकारीका लागि कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ ।

०२१-४७४८२८

ftqcobrt@gmail.com, rftqcobrt@gmail.com

अनुरोधक
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय
विराटनगर



### गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामादर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

बर्जु गाउँपालिका, गाउँपालिकाको कार्यालय
सुनसरी, कोशी प्रदेश



परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक

प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### सरकार भ्रष्टाचार नियन्त्रण, र सुशासन कायम गर

नेपालको राजनीतिकमा भदौ २३ र २४ गते जेनजी समुहले गरेको भ्रष्टाचार विरोधी आन्दोलनले पुरानो सत्ता ढाल्दै शुशीला कार्की नेतृत्वमा चुनावी सरकार बनाएका थिए । साही सरकारले फागुन २१ गते गराएको प्रतिनीधि सभा निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले दुई तिहाई नजिक सिट ल्याएर विजय भई १३ गते बालेन शाह नेतृत्वमा १५ सदस्य मन्त्री मण्डल समेत गठन भई सकेको छ । नयाँ सोच र व्यवहारसहित आएको बालेन नेतृत्वको सरकारप्रति जनताले ठूलो अपेक्षा राखेका छन्। अबको आवश्यकता भनेको ती अपेक्षालाई व्यवहारमा रूपान्तरण गर्नु पर्छ ।

मुख्य रुपमा नेपालको राजनीतिक परिवेश लामो समयदेखि भ्रष्टाचार, ढिलासुस्ती र गैरजवाफदेहिता जस्ता समस्याले ग्रसित रहँदै आएको छ। यस्ता विकृतिका कारण जनतामा शासनप्रति निराशा बढ्दै गएको छ। जनताको लागि भ्रष्टाचार नियन्त्रण सुशासनको आधारभूत शर्त हो । राज्यका स्रोत-साधनको दुरुपयोग, अनियमितता र मिलेमतोका कारण विकासका कामहरू प्रभावकारी हुन सकेका छैनन् । त्यसैले बालेन नेतृत्वको सरकारले शून्य सहनशीलताको नीति अपनाउँदै भ्रष्टाचार विरुद्ध कडा कदम चाल्न आवश्यक छ ।

त्यसैगरी, नेतृत्वले नैतिकता, इमान्दारिता र उत्तरदायित्वको उदाहरण प्रस्तुत गर्नुपछ माथिल्लो तहबाटै राम्रो अभ्यास सुरु भयो भने त्यसको सकारात्मक प्रभाव तल्लो तहसम्म पुग्छ । जनतासँग प्रत्यक्ष संवाद गर्दै उनीहरूको विश्वास जित्नु पनि सुशासनको महत्वपूर्ण आधार हुन्छ । सरकारले भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न सफल भयो भने मात्र जनतामा आशा र भरोसा पुनः स्थापित हुनेछ । अन्यथा, पुरानै ढर्राको निरन्तरताले फेरि निराशा मात्र थप्नेछ ।

# संवैधानिक परिषद् : भागवण्डाको अन्त्य र योग्यताको पूनरागमन

- नेपालको राजनीतिक परिदृश्यमा संवैधानिक निकायमा हुने नियुक्तिमा पारदर्शिताको माग गर्दै युवा पुस्ताको आक्रोश बढेको छ ।
- संवैधानिक परिषद्लाई स्वेच्छाचारी बन्नबाट रोक्न यसको गणपूरक संख्यामा कडा सुधारको आवश्यकता औंल्याइएको छ ।
- लेखमा संवैधानिक नियुक्ति प्रक्रियालाई पारदर्शी बनाउन र योग्यतालाई प्राथमिकता दिनुपर्ने सुझाव दिइएको छ ।

**रेवती खड्का**

नेपालको वर्तमान राजनीतिक परिदृश्य विचित्र विरोधाभासबाट गुज्रिरहेको छ । एकातिर सडकमा जेनजी पुस्ताको आक्रोश छ, जसले राज्यका हरेक नियुक्तिमा पारदर्शिता र 'राइट म्यान इन राइट प्लेस' को चर्को माग गरिरहेको छ । अर्कोतिर, बालुवाटार र सिंहदरबारका बन्द कोठाहरूमा संवैधानिक निकायका पदहरूलाई 'भागबन्डा को जाँतो' मा पिस्ने पुरानै खेल जारी छ । यो खेलको केन्द्रमा रहेको संस्था हो- संवैधानिक परिषद् ।

संवैधानिक परिषद् केवल एउटा सिफारिस गर्ने निकाय मात्र होइन, यो लोकतन्त्रको त्यस्तो मेरुदण्ड हो, जसले अख्तियार, निर्वाचन आयोग र न्यायालय जस्ता संस्थाहरूको निष्पक्षता तय गर्छ । तर, विगत वर्षहरूमा परिषद्लाई कार्यकारीको छाया बनाउने प्रयास गरिएपछि यसको औचित्यमाथि नै गम्भीर प्रश्न उठेका छन् ।

**ऐतिहासिक विचलन र कानुनी संकट**

नेपालको संविधानको धारा २८४ ले संवैधानिक परिषद्को व्यवस्था गरेको छ । यसको मुख्य दर्शन भनेको राज्यका प्रमुख अंगहरूमा गरिने नियुक्ति राजनीतिक प्रभावबाट मुक्त होस् र त्यहाँ पुग्ने व्यक्तिले कुनै दल विशेषको नभई संविधानको रक्षा गरोस् भन्ने हो । तर, व्यवहारमा हामीले के देख्यौं भने राजनीतिक दलहरूले यसलाई पावर सेयरिङको माध्यम बनाए ।

विशेषगरी ०७७ र ०७८ सालमा तत्कालीन सरकारले अध्यादेशमार्फत संवैधानिक परिषद् ऐन संशोधन गरी गणपूरक संख्या सम्बन्धी व्यवस्था नै परिवर्तन गरिदियो । ६ सदस्यीय परिषदमा अध्यक्षसहित ३ जना मात्रै उपस्थित भएपनि निर्णय गर्न सकिने गरी ल्याइएको उक्त व्यवस्थाले नेपालको संवैधानिक इतिहासमा 'कू' को रूप लियो । विपक्षी दलको नेता र सभामुखलाई थाहै नदिई गरिएका ५२ जना पदाधिकारीको नियुक्ति आजसम्म पनि विवादको घेरामा छ ।

यस सन्दर्भमा, सर्वोच्च अदालतको संवैधानिक इजलासले प्रक्रियागत शुद्धता र संवैधानिक नैतिकतालाई विशेष जोड दिएको छ । अदालतले संवैधानिक शून्यता टार्न कतिपय निर्णयलाई सदर गरे पनि, भविष्यका लागि एउटा स्पष्ट रेखा कोरेको छ । संवैधानिक नियुक्तिहरूमा अल्पमत र न्यायपालिकाको अनिवार्य सहमति बिनाको प्रक्रिया लोकतान्त्रिक मूल्य विपरीत हुन्छ ।

**बदलिँदा चेतनाको आवाज**

आजको नेपाल ०४६ वा ०६३ सालको जस्तो छैन । आजको पुस्ता, जसलाई हामी जेनजी भन्छौं, उनीहरू सूचनाको हक र पारदर्शितामा सम्झौता गर्न तयार छैनन् । काठमाडौंका सडकदेखि सामाजिक सञ्जालका ट्रेन्डिङ टकसम्म हेर्ने हो भने युवाहरूले स्पष्ट भनिरहेका छन्- हामीलाई हाम्रा पुर्खाको जस्तै लाचारिपन स्वीकार्य छैन ।

नयाँ सरकारले यो आक्रोशलाई सम्बोधन गर्न सकेन भने सडकको आन्दोलनले कुनै पनि बेला सत्ताको जग हल्लाउन सक्छ । परिषद्लाई स्वेच्छाचारी बन्नबाट रोक्न यसको गणपूरक संख्यामा कडा सुधार आवश्यक छ । अबको संशोधित ऐनमा निम्न बुँदाहरू पत्थरको लकिर हुनुपर्छ ।

यो पुस्ताले सेटिङको राजनीति बुझिसकेको छ । जब कुनै पूर्व कर्मचारी वा राजनीतिक कार्यकर्तालाई हतार-हतार संवैधानिक निकायमा नियुक्त गरिन्छ, तब यो पुस्ताले त्यसको विगतका पदचाप खोतल्न सुरु गर्छ । युवाहरूको यो जागरणले नै आगामी सरकारलाई सन्देश स्पष्ट छ- अब खल्तीका मान्छे नियुक्ति गरेर राज्य चलाउने दिन गए ।

नयाँ सरकारले यो आक्रोशलाई सम्बोधन गर्न सकेन भने सडकको आन्दोलनले कुनै पनि बेला सत्ताको जग हल्लाउन सक्छ । परिषद्लाई स्वेच्छाचारी बन्नबाट रोक्न यसको गणपूरक संख्यामा कडा सुधार आवश्यक छ । अबको संशोधित ऐनमा निम्न बुँदाहरू पत्थरको लकिर हुनुपर्छ ।

पहिलो, न्यूनतम उपस्थिति । परिषद्का ६ जना सदस्यमध्ये न्यूनतम पाँच जनाको उपस्थिति बिना बैठक बस्न नसक्ने व्यवस्था हुनुपर्छ । यसले बहुमतको नाममा हुने अल्पमतको गला रेट्ने प्रवृत्ति रोक्छ ।

दोस्रो, विपक्षी र न्यायपालिकाको अनिवार्य सहभागिता । पाँच जनाको कोरम पुग्दा पनि त्यहाँ विपक्षी दलको नेता र पूर्व प्रधानन्यायाधीशको अनिवार्य उपस्थिति हुनैपर्छ । यी दुई मध्ये एक जना मात्र अनुपस्थित भए पनि बैठकको निर्णय अवैध हुने कानुनी व्यवस्था आवश्यक छ । यसले प्रधानमन्त्रीलाई सबै पक्षसँग संवाद गर्न र साझा सहमति खोज्न बाध्य बनाउँछ ।

**संरचनागत पुनर्संरचना**

हालको परिषद् विशुद्ध राजनीतिक क्लब जस्तो देखिन्छ । यसलाई व्यावसायिक र तटस्थ बनाउन पूर्व पदाधिकारीहरूको प्रवेश गराउनु पर्छ । प्रस्तावित नयाँ मोडलमा लोकसेवा आयोगका पूर्व अध्यक्ष, पूर्व प्रधानन्यायाधीश, पूर्व प्रमुख निर्वाचन आयुक्त तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्व प्रमुखलाई सदस्यमा नियुक्त गर्ने व्यवस्था गर्नुपर्छ ।

यी सदस्यहरुलाई अनिवार्य बनाउने बित्तिकै मेरिटोक्रेसीको ग्यारेन्टी हुन्छ । कानुनी र नैतिक शुद्धता जाँच्न गर्न सजिलो हुन्छ । लोकतान्त्रिक संस्थाको सन्तुलन कायम राख्न मद्दत पुग्छ । साथै भ्रष्टाचार निवारण र नैतिकताको प्रश्नमा गहिरो अन्तर्दृष्टि प्रदान हुन्छ ।

**दुई वर्षे कुलिङ-अफ पिरियड**

नेपालको ठुलो समस्या भनेको पदमा रहँदा भविष्यको अर्को पदका लागि 'डिल' गर्नु हो । जस्तै, कुनै सचिवले अवकाश पाउनु अघि प्रधानमन्त्रीको चाकरी गर्छ ताकि भोलिपल्टै उसले कुनै आयोगमा नियुक्ति पाओस् । यसलाई रोक्न दु वर्षको अनिवार्य कुलिङ-अफ पिरियड लागू गर्नुपर्छ ।

कुनै पनि सरकारी व्यक्ति अवकाश पाएको २ वर्षसम्म कुनै पनि संवैधानिक नियुक्ति वा परिषद्को विज्ञ सदस्यका लागि योग्य हुने छैन भनि निश्चित गर्नु पर्नेछ । यसले कर्मचारी र पदाधिकारीहरूलाई आफ्नो कार्यकालमा निष्पक्ष काम गर्न र भविष्यको लोभबाट मुक्त हुन मद्दत गर्छ ।

**रोस्टर प्रणालीको व्यवस्थापन**

नियुक्ति प्रक्रियालाई पारदर्शी र प्रतिष्पर्धात्मक बनाउन पहिलो, संवैधानिक परिषद्ले रिक्त पदका लागि कम्तीमा तीन महिना अगावै राष्ट्रिय सञ्चार माध्यममा आवेदन वा मनोनयन आह्वान गर्ने विधिको विकास गर्नुपर्छ । दोस्रो, प्राप्त आवेदनहरूलाई योग्यता, अनुभव, प्रकाशित कृति, व्यावसायिक उपलब्धि र सार्वजनिक सेवाको योगदानका आधारमा मूल्यांकन गरी उत्कृष्ट

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीागि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीागि मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# मोरङ्गको धनपालथान गाउँपालिका वडा नं. ४ मा रहेका ग्रामथानको परिचय



१. भलुवा राजा ग्रामथान

मोरङ जिल्ला, धनपालथान गाउँपालिका-४, सिमरहा टोलमा अवस्थित भलुवा राजा ग्रामथान एक ऐतिहासिक र पूजनीय धार्मिक स्थल हो। स्थानीय जानकारहरूका अनुसार, यस थानमा सयौं वर्षदेखि पूजाअर्चना हुँदै आएको जनश्रुति छ ।

ग्रामथान सिमरहा गाउँको मुख्य सडकको पूर्वपट्टि अवस्थित छ। चैत महिनाको अन्तिम दिन वा वैशाख महिनाको पहिलो हप्तामा यहाँ विशेष पूजा र मेला महोत्सव हुने परम्परा छ ।

स्थानीय ६५ वर्षीय कारु गच्छदारका अनुसार, १ कट्ठा १० धुर जमिनमा निर्मित यो ग्रामथानमा निम्न देवी-देवताहरूको पूजाअर्चना गरिन्छ, भलुवा राजा,डिहडिहवारनी, रनकाली माता, लोल ढल,

वागेश्वरी, काँढी, धामी-धमियान, बाधबधुवाईर आदि ।

यहाँ पहिले बोका, पाठी, परेवा, हाँसको अण्डा, फलफूल, लड्डु, खिर, धूप, दीप आदि चढाउने चलन थियो । अहिले पनि उक्त परम्परा केही हदसम्म कायमै छ।धामी भोला मण्डल (गनगाई) हाल यस थानका पूजारी हुन् । यसअघि मटकर मण्डल (प्रथमलाल दास मण्डलका पिता) धामीका रूपमा पूजाअर्चना गर्दथे । पूजाका सामानहरू स्थानीयवासीले सामूहिक चन्दा (भेर) संकलन गरेर व्यवस्था गर्छन् ।

यसथानको पूजा सुरु गर्नुअघि थानभित्र गोबर र रातो माटोले लिपपोत गरिन्छ । त्यसपछिचामलको अक्षता, तुलसी पात, फूलघोड, चुनरी, हनुमानजीको ध्वजा, चनुवा, फलफूल, लड्डु, धूप-दीप, पान सुपारी, खीर आदि केराको पातमा राखी प्रसादस्वरूप चढाइन्छ । थान बाहिर कमला, हनुमान, धामी, धमियाईन, बाधबधुवाईर आदिलाई पूजा गरिन्छ । थानभित्र भलुवा राजा र रनकाली मातालाई विशेष पूजाअर्चना गरिन्छ ।

ग्रामथानमा पहिल्यै रुखको छायाँमुनि बाँसको खम्बा र परालको छानो बनाएर पूजा गरिन्थ्यो। अहिले ईँटा, गिटी, सिमेन्ट प्रयोग गरिएको पक्की संरचना निर्माण भएको छ।थानको चारैतिर घेराबारा, गेट, र फुलवारी बनाइएको छ । तर अझै पनि बिजुली, खानेपानी र शौचालय जस्ता आधारभूत सुविधाको अभाव नै देखिन्छ ।

सामान्यतया हरेक साँझ र बिहान पूजाअर्चना गरिन्छ । वैशाख महिनाको पहिलो हप्तामा विशेष रूपमा सामूहिक पूजा र मेला महोत्सव आयोजना गरिन्छ । मेलामायस क्षेत्रका विभिन्न जात-जातिका हिन्दू धर्मावलम्बीहरू सहभागी हुन्छन्। विशेष रूपमामण्डल, गनगाई, केवट (मण्डल), सरदार, मुसहर जातिका समुदायहरू बढी संख्यामा यहाँ पूजा गर्न आउँछन् ।



**२. ग्रामथान ललियाधार**

धनपालथान ४ ललियाधारमा १० वर्षअगाडि गाउँलेहरू मिलेर ग्रामथान स्थापना गरेका छन् । पहिले उक्त ग्रामथान धनपालथान २ स्थित ललियामा रहेको थियो। पछि ललियाधारमा नयाँ वस्ती बसेपछि उक्त ग्रामथान यहाँ स्थापन गरिएको हो । उक्त ललियाधारमा अधिकांश गनगाईं समुदायको बसोबास रहेको छ। गनगाईं समुदाय बसोबास गर्ने ठाउँमा ग्रामथान अनिवार्य जस्तै भएकोले दश वर्ष अगाडि समाजकामानिसहरूको सहयोगमा यो ग्रामथानको स्थापना गरिएको हो ।

गनगाईं समुदायको छोरा-छोरीको बिहे हुँदा घरको पूजा सकेर सबैभन्दा पहिले ग्रामथानको पूजा गर्नुपर्दछ । ग्रामथानको पूजा गरेपछि मात्र बिहेको विधि अगाडि बढाउने परम्परा छ । गनगाईं समुदायलाई ग्रामथान नभई हुँदैन । जहाँ गनगाईं जातिको बसोबास हुन्छ त्यहाँ ग्रामथान हुनैपर्छ भन्ने मान्यता रहेको छ ।

धनपालथान-३ मा रहेको शिवशक्त माध्यमिक विद्यालयले ललियाधारमा भोग चलन गर्दै आएको सात कट्ठा ऐलानी जग्गाबाट एक कट्ठा जग्गा ललियाधारमा रहेको ग्रामथानलाई छुट्याइएको छ । त्यही जग्गामा अहिले ग्रामथान स्थापना गरिएको छ । उक्त ग्रामथानमा उत्तरबाट दक्षिण फर्केको ग्राम, गैया र पूर्वबाट पश्चिम फर्केको भलुवाराजाको तीनवटा पक्की छत भएको सानो मन्दिर रहेको छ । उक्त ग्रामथानमा ग्राम, गैया, भलुवाराजा, काजरमाजर, डि डिभार्नी, राजा धनपाल, हनुमानको ध्वजा, बागेश्वरी र भकारी लगायत १४ ठाउँमा पूजा गर्ने गरिन्छ, स्थानीय ६२ वर्षीय पदमलाल मणले बताए । हरेक वर्ष बैशाख १४ गते समाजले चन्दा उठाएर ग्रामथानमा विशेष पूजा गर्ने चलन छ ।

पूजामा पान,सुपारी,अक्षता, सिन्दूर, खिर, लड्डु, फलफूल, फुलघोड, कागजको डोला, मन्दिरभित्रबाट चारकुने कपडाको चनुवा,एक जोडी पाठापाठी र दुई जोडी परेवा चढाएर पूजा गरिन्छ ।

मन्दिरमा रहेको भकारीमा पूजाको दिन सबैजनाले आफ्नो घरबाट अन्न ल्याएर राखिदिने चलन छ । मण्डलले जानकारी दिएअनुसार उक्त ग्रामथान निर्माण कार्य समाजबाट चन्दा उठाएर सुरु गरिएको थियो । पछि वडा नम्बर ४ ले तीन-तीन लाख रकम दुई पटक दिएको छ । त्यस अगाडि हरिलाल सिंहको पालामा ४ नम्बर वडाको वडा अध्यक्ष रोशन राजबंशीले ८० हजार रूपैयाँ सहयोग गरेर ग्रामथानको घेराबेरा र तीन वटा छत ढलान सहितको सानो मन्दिर निर्माण गरिएको थियो ।

स्थापना कालदेखिनै मुलचन मण्डलले पूजा गर्दै आएका थिए । उनको स्वर्गारोहनपछि अहिले उनकै छोरा गरिभा मण्डलले पूजाकार्य सञ्चालन गर्दै आएकाछन् ।

स्थानीय परमेश्वर मण्डलले जानकारी दिए अनुसार उक्त मन्दिरमा बैशाखको विशेष पूजा बाहेक हरेक चाडपर्वमा समाजले व्यक्तिगत रुपमा धूप, दीप बाल्ने र पूजापाठ गर्ने चलन रहेको छ ।

ट्राफिक नियमको पालना गरौ ।
सडक सुशासन कायम गरौ ।।

# विभिन्न जिल्लाबाट लागुऔष सहित १८ पक्राउ

विराटनगर । झापा, सुनसरी, उदयपुर र मोरंगबाट लागू औषध सहित १८ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

चैत १२ गते झापाको भद्रपुर नगरपालिका-४ र ५ को बिभिन्न स्थानहरुबाट वडा प्रहरी कार्यालय भद्रपुरले १० ग्राम ६० मिलिग्राम ब्राउन सुगर सहित बिर्तामोड-७ का अजय रिक्र्रदेब, बिर्तामोड-३ का रस्को मुर्मु, सरोज कार्की, बिर्तामोड-६ का मोहम्मद जाबिर आलम र भद्रपुर-४ का दिपेश राजबंशीलाई नियन्त्रणमा लिएको थियो ।

अर्जुनधारा नगरपालिका-८ का बिक्रम यादव र अजय राजवंशीलाई ४ सय मिलिग्राम ब्राउन सुगर सहित सोहि स्थानबाट लागू औषध ब्युरो काँकडभिट्टाले पक्राउ गरेको थियो । त्यस्तै सुनसरीको धरान-२० बाट अस्थायी प्रहरी पोष्ट जोरसखुवाले प्र.१-०२-०५४ प ०९४४ नम्बरको मोटरसाईकल चालक धनकुटा साँगुरीगढी गाउँपालिका-८ का शिखर राई र मोटरसाईकल पछाडी सवार विश्व राईलाई १७ किलोग्राम गाँजा सहित नियन्त्रणमा लिएको थियो ।

वडा प्रहरी कार्यालय भद्रपुर झापाबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपाल तर्फ आउदै गरेका भद्रपुर नगरपालिका-९ का ३३ वर्षीय दिनेश कुर्मीलाई लागू औषध ब्राउन सुगर २ ग्राम ६९० मिलिग्राम सहित भद्रपुर-५ मेचीपुलबाट पक्राउ गरेको थियो ।

यसै गरी सुनसरीको धरान उप-महानगरपालिका-१६ स्थित पानीट्याङ्कीबाट अस्थाई प्रहरी पोष्ट जोरसखुवाबाट खटिएको प्रहरी टोलीले सोही स्थानका ३० बर्षीय रितिक थामीलाई ट्रामाडोल ६१० क्याप्सुल, स्पास्पेन ६१० ट्याब्लेट सहित पक्राउ गरेको थियो ।

इलाका प्रहरी कार्यालय कटारी उदयपुरले कटारी नगरपालिका-५ बरमझियाका ३३ बर्षीय तुल बहादुर थापालाई १० किलोग्राम गाँजा सहित उनकै घरबाट पक्राउ गरिएको छ ।

सुनसरीको धरान उप-महानगरपालिका-१५ बाट चैत १० गते प्रतिबन्धित लागू औषध सहित १ जनालाई प्रहरीले पक्राउ गरेको थियो । विशेष सूचनाको आधारमा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको प्रादेशिक अनुसन्धान समुह रिट र इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले सोही स्थानका २९ बर्षीय अनिल लिम्बुलाई ट्रामाडोल ४ हजार १ सय ४६ क्याप्सुल, स्पास्पेन र डिकोलिक गरी ४ हजार २ सय २८ ट्याब्लेट सहित फेला पारी नियन्त्रणमा लिएको थियो ।

चैत ९ गते मोरङको विराटनगर महानगरपालिका-१५ बाट लागू औषध नियन्त्रण ब्यूरो विराटनगर र इलाका प्रहरी कार्यालय रानीबाट खटिएको संयुक्त प्रहरी टोलीले भारत बिहारका मसुल अंसारीलाई ३२ ग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो ।

त्यस्तै सुनसरीको ईनरुवा नगरपालिका-४ बाट जिल्ला प्रहरी कार्यालय सुनसरी र अस्थायी प्रहरी पोष्ट ईनरुवा बसपार्कले धरान-६ का ख्याम बहादुर देवान लिम्बु र शौरभ कटवाललाई २ ग्राम २५ मिलिग्राम ब्राउन सुगर सहित र झापाको अर्जुनधारा नगरपालि- का-११ बाट अस्थायी प्रहरी पोष्ट बसपार्कले टिकाराम दियाली र शिव दियालीलाई ८० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

पक्राउ परेका उनिहरुको सम्बन्धमा सम्बन्धित प्रहरी कार्यालयबाट थप अनुसन्धान भईरहेको सम्बन्धित प्रहरी कार्यालयले जनाएको छ ।

खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु

- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधैं ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।



नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

# मधेशबाट हराए 'मसिहा' उपेन्द्र

**सोनु साह**

विराटनर । मधेशको राजनीतिमा सबैभन्दा पहिले सम्भिmने पात्र हुन् उपेन्द्र यादव, जसलाई मधेशी जनताले आफनो सच्चा नेत्तृवको रुपमा हेरेका थिए । तर, अहिले यादव मधेशमा आलोचनाको केन्द्र बनेका छन् । फूलको माला लगाएर स्वागत गर्ने नेतामा पर्ने उनी अहिले मधेशबाट लखेटिएका छन् । जुन मधेश आन्दोलनको लज्जास्पद दुर्गती सम्झदा हुन्छ ।




आज यस्तो अवस्थामा पुग्नुको एउटै मुख्य कारण हो, सत्ताको स्वार्थ जसले उपेन्द्र यादव लगायत मधेशी दल पछारिएका छन् । २०६४ साल ५२ सिट प्राप्त गरेको दल आज एउटा सिट समेत जीत्न सकेन, मधेशको नाम बेचेर पटकपटक सासंद र मन्त्री भएका यादव मधेशको अधारभुत विकासलाई समेत बलियो बनाउन नसक्दा एकै पटक बढारिनु परेको छ । उनी आफनो स्वार्थको लागि जहिले पनि दल परिवर्तन गर्दै आएका छन । त्यसैले कतिपयको बुझाइमा उनको चुनावी हार पनि आवश्यक थियो ।

उपेन्द्रको विगत राजनीतिक यात्रा

उपेन्द्र यादव जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष हुन् । उनी पहिले मधेस समर्थक दल मधेसी जनअधिकार फोरम नेपालका संस्थापक संयोजक थिए। यादवको जन्म वि सं २०१६ सालमा सप्तरी जिल्लाको भागवतपुरमा भएको हो। उनी धनीलाल यादव र फुलनीदेवी यादवका कान्छा छोरा हुन् । उनको दाजु डम्बर यादव खेती किसानीमा संलग्न थिए। उनको बाल्यकाल सप्तरी जिल्लाको मधुवनमा बित्यो । अहिले त्यो ठाउँ सुनसरी जिल्लामा पर्छ । मधुवनको मोहन नि.मा.वि.मा उनले प्रारम्भिक शिक्षा प्राप्त गरे । त्यसपछि जनता मा.वि. मधुवन र वनदहवाकट्टी हाइस्कूल सप्तरीमा माध्यमिक शिक्षा लिए । वि.सं २०३२ सालमा एसएलसी उत्तीर्ण गरेपछि यादव धरानको हात्तीसार क्याम्पस भर्ना भए। त्यहाँबाट आईएस्सी गरेपछि उनले महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस विराटनगर बाट स्नातक तह र स्नातकोत्तर गरेका हुन् ।

यादवको राजनीतिक पाइला

लोकप्रिय नेता यादवको राजनीतिक पाइला चाहिँ वि.सं. २०३२ सालतिरै अघि बढेको हो । त्यतिबेला झापा आन्दोलनको उभारले ढपक्कै छोपेको थियो । त्यतिबेला उनी पुष्पलाल समूहको अनेरास्ववियुमा संलग्न भए । त्यसरी उत्प्रेरित गर्न तत्त्व चाहिँ गरीब र विपन्न वर्गलाई उठाउनु पर्छ भन्ने चेतना थियो । वि.सं. २०३५ सालमा नेपाल कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठबाट कम्युनिस्ट पार्टीको चौवन्नी सदस्यता लिए । त्यसपछि पनि उनले विद्यार्थी राजनीति छाडेनन्। त्यतिबेला अखिल प्रतिबन्धित थियो । उनले भूमिगतरूपमा काम गरे। विद्यार्थी राजनीति हुँदै यादव जनमत सँग्रहमा सक्रिय भए । तर, जनमतसँग्रहसँगै अखिल विभाजित भयो। उनी प्रगतिशील विद्यार्थी युनियन को दुई कार्यकाल उपाध्यक्ष भए ।

वि.सं. २०४६ सालमा उनी नेपाली कांग्रेसको आह्वानमा भएको सत्याग्रहमा सामेल भए । उनलाई काठमाडौंमा गिरफ्तार गरियो । उनले केन्द्रीय कारागारमा एक वर्ष बिताए । त्यतिबेला उनीसँग प्रदीप गिरी, दमननाथ ढुङ्गाना, मार्सलजुलुम शाक्य, गोपालप्रसाद भट्टर्राई लगायत काङ्ग्रेसी नेताहरू थिए । पछि पुष्पलाल समूहको अध्यक्ष साहना प्रधान र मनमोहन अधिकारीको पार्टी मिलेर नेकपा मार्क्सवादी बन्यो । उनले कोशी अञ्चल कमिटीमा रहेर काम गरे । त्यसको इन्चार्ज भरतमोहन अधिकारी थिए । वि.सं. २०४६ सालको आन्दोलनमा यादव विराटनगरमा गिरफ्तार भए । उनलाई धनकुटा लगियो । प्रजातन्त्र पुनर्स्थापना भएपछि उनी छुटे । लगत्तै नेकपा एमाले र मार्क्सवादीबीच एकता भयो र एमाले बन्यो । वि.सं. २०४८ सालमा यादवलाई नेपाल कम्युनिष्ट पार्टी एकिकृत मार्क्सवादी (लेनिनवादी) ले सुनसरी ४ बाट उम्मेदवार बनायो । उनले जित्न सकेनन् । त्यसपछि उनलाई पार्टीले सुनसरी र मोरङको जिम्मेवारी सुम्पियो।

त्यपछि उनी मधेश केन्द्रित भए

वि.सं. २०५६ सालमा उनले पार्टीभित्र मधेसको कुरा उठाए । पार्टीले उल्टै साम्प्रदायिक व्यक्ति भनी आरोप लगाएपछि उनले पार्टीबाट राजीनामा दिए । अनि उनी २०५४ सालमा नै गठन भएको मधेसी जनअधिकार फोरममा क्रियाशील भए । वि.सं.२०५९ असोज १८ मा राजा ज्ञानेन्द्रले शासन सत्ता लिएपछि फोरममाथि हमला भयो । यादवलगायतका नेता कार्यकर्ताले भूमिगत र अर्धूमिगत भएर काम गरे । त्यसबीचमा उनले नेकपा माओवादीसित पनि सहकार्य गरे । तर, उनले माओवादीको सदस्यता लिएको थिएनन् ।

वि.सं. २०६१ सालमा राजाको प्रत्यक्ष शासन कायमै थियो । उनीलगायत मातृका यादव र सुरेश आले दिल्लीमा पक्राउ परे । अनुसन्धानका लागि यादवलाई कन्सन्ट्रेसन क्याम्पमा डेढ महिना राखियो र छाडियो । जनआन्दोलन २०६२/२०६३ का बेला यादव सारा शक्ति लगाएर होमिए । नेपालको इतिहासमा पहिलोपटक मधेसी ब्यानरमा आन्दोलन भएको थियो । तर, जनआन्दोलनको भावना र मर्मानुसार सात दलको सरकारले मधेसी, दलित एवं जनजातिको भावनाको कदर नगरेपछि उनले मधेस आन्दोलन उठाए। वि।सं। २०६३ माघ १ गते अन्तरिम संविधान बन्यो। त्यसको भोलिपल्ट काठमाडौंको माइतीघर मण्डलामा नेता यादवको नेतृत्वमा अन्तरिम संविधान जलाईयो। सरकारले उनलाई गिरफ्तार ग¥यो । हनुमानढोकामा लगेर थुन्यो ।

लोकतन्त्रमा समेत उनलाई देशद्रोहको मुद्दा चलाउन खोजियो । मधेस आन्दोलन तीव्र भएकाले सार्वजनिक अपराधको मुद्दा लगाउने प्रयत्न भयो। तर, मधेस आन्दोलन झन प्रचण्ड भएपछि त्यत्तिकै सेलायो। मधेस आन्दोलनकै आलोकमा उपेन्द्र यादव नेताका रूपमा स्थापित भए । मधेस आन्दोलनले नै मधेसी जनअधिकार फोरम मजबुत बन्यो । पछि निर्वाचन आयोगमा दर्ता भएपछि राजनीतिक शक्तिका रूपमा उदायो । संविधानसभा निर्वाचनसम्म फोरम दलका रूपमा दर्ता भयो । अनि निर्वाचनमा मधेसीपहाडी सबैको पार्टी बन्न सफल भयो । एक समय संविधानसभामा चौथो ठूलो पार्टीका रूपमा ५२ सिट हासिल गरेको थियो ।

२०६५ सालमा वीरगन्जमा पहिलो महाधिवेशन गरेर पार्टी नेतृत्वमा चुनिएका यादवको दल त्यसयता टुट्दै, जुट्दै र फुट्दै गरिरह्यो । १६ वर्षपछि यादवले अहिले एकता महाधिवेशन गरिरहँदा जनता समाजवादी नेपालबाट अशोक राई समूह भने अलग भइसकेको छ ।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव सरकारको उपप्रधानमन्त्री तथा स्वास्थ्यमन्त्री हुनुहुन्थ्यो । तर सरकारमै रहँदा पनि यादवले आफैं प्रधानमन्त्री बन्ने आकांक्षामा नयाँ समीकरण बनाउन खोजेको संकेत पाएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सत्ता गठबन्धनले जसपा नेपाल नै फुटाइदियो ।

सहयात्री अशोक राईले सात सांसद लगेर वैशाख २४ गते नयाँ दलको मान्यता पाएपछि संघीय संसद्मा पाँच जनामात्रै सांसदको साथसहित यादव राजनीतिक जीवनकै कठिन मोडमा पुगेका थिए ।

०६३ सालमा मधेसी जन अधिकार फोरमको नेतृत्वबाट राजनीतिमा चम्किनुभएका यादव त्यसयता सरकारकै वरिपरि रहनुभयो । संविधानसभाको पहिलो निर्वाचनमा सुनसरी र मोरङ दुवै क्षेत्रमा विजयी यादव दोस्रो संविधानसभाको निर्वाचनमा भने मोरङबाट हार्नुपर्यो ।

मधेश आन्दोलनका बेला ६ वटा मधेशकेन्द्रित दलहरु एक बनेर राजपा गठन गर्दासमेत अटाउन नसकेका यादव ७४ सालको निर्वाचनमा राजपाकै गठबन्धनबाट सप्तरीबाट निर्वाचित हुनुभएको थियो ।

२०७७ वैशाख १० गते राजपा र संघीय समाजवादी फोरम एकीकरण अनि जसपा नेपाल गठन पनि फुट र जुटकै शृंखलाका हिस्सा रहे । जसपा नेपालसमेत लामो समय टिक्न सकेन । यादव र महन्थ ठाकुर एकले अर्कालाई कारबाही गरेसँगै २०७८ सालमा पार्टी विभाजन हुनपुग्यो ।

२०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा सप्तरी २ बाट जनमत पार्टीका अध्यक्ष सीके राउतसँग पराजित भएपछि यादवलाई राजनीतिक झड्का नै लाग्यो । संसद् छिर्ने उपाय खोज्दै यादवले बारा २ बाट चुनाव जित्नुभएका रामसहायप्रसाद यादवलाई उपराष्ट्रपति बनाएर उपनिर्वाचनमा जानुपर्यो । संसद्मा प्रवेशसँगै उपप्रधानमन्त्री तथा स्वास्थ्यमन्त्री बन्न सफल हुनुभए पनि यादवले न पार्टी जोगाउन सक्नुभयो नत मन्त्री पद नै । १६ वर्षपछि जनकपुरमा गरेको दोस्रो महाधिवेशन बाट पनि आफु नै नेतृत्वमै रहे ।

मधेशलाई केन्द्रमा राखेर यादवले आदिवासी, जनजाति र खसआर्यलाई आकर्षित गर्न गरेका प्रयास लामो समय टिक्न सकेनन् । बरु मधेशको राजनीतिमा एकछत्र गुम्दै गएको छ भने विश्वासपात्रले साथ छाडेका छन् । यादव अहिले नेपाली लोकतान्त्रि पार्टीका अध्यक्ष महन्त ठाकुर संग मिलेर यस पालिको चुनावमा सप्तरी ३ बाट उमेदवारी दिएका थिए । तर लजास्पद हार ब्योहर्नु परेका छन । सत्ता र शक्तिको केन्द्रमा सधैं रहन खोज्ने यादवलाई यस पालि मधेशले पत्याएन सधै आफुले मधेशी जनताको मतमा मौज गर्न यादवले यस पालि प्रत्यक्षमा एक सिट समेत जित्न सकेन समानुपातिक तर्फ भन्ने १,७७,७९७ मत मात्र लयाउन सके राष्टिय पार्टी समेत बन्न सकेनन ।

उनले दशकौ देखि मधेशी र मधेशको हकको लागि आफु निरन्तर लडदै आएको दाबी गर्दै छन तर पटक पटक पार्टीको उमेदवार मंत्री भए पनि कुनै किसिमको मधेश र मधेशीको हितमा काम नगर्दा मधेशी समुदाय नै आज उसलाई लखेटन सकने अवस्थमा छन मधेश बाट नै मधेशी दलको पतासाफ भई सकेको यस चुनावको परिणाम हो । मधेशलाई राजनिती भुमिको रुप लिईन्छ । तर आज सबै भन्दा शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा मधेश नै निकै पछाडि छन । मधेशले आफनो होस या पराई देशको विकाश गर्नलाई र देशको शिर उच्च राख्नेलाई जहिले पनि अपनाएको विगतका कांग्रेस र अहिलेको रास्वापाको नतिजाले प्रष्ट भएको छ । मधेश नयाँ पुराना सबै दललाई मौका दिएका छन अव मधेश विकाश खोज्दै छन । यस पालि मधेशले ३२ सिट मध्ये ३० ओटा सिटमा रास्वापाका उमेदवार जिताएर बालेन माथि विश्वास बनाएका छन । मधेशले अपनाएको बालेन्द्र साह ९बालेन० मधेश विकाश कुन शैलीमा ग्रला भन्ने प्रखाईमा छन मधेशी समुदाय ।

# सन्दकपुरमा चार दिने रेडपाण्डा महोत्सव

विराटनगर । ईलाम जिल्लाको सन्दकपुर गाउँपालिका-१ मा तेस्रो रेडपाण्डा महोत्सव चैत २० देखि २३ गते सम्म हुने भएकोछ ।

पर्यटन, वन तथा वातावरण मन्त्रालयको सभाहलमा पत्रकार सम्मेलन गरि महोत्सवका संयोजक सना कुमा राईले सो कुरा वताउनु भएको हो ।

सन्दकपुर गाउँपालिका र कोशी प्रदेश सरकारको सहकार्यमा तेस्रो रेड पाण्डा महोत्सव कोशी प्रदेशको सुदूरपूर्वी जिल्ला इलाममा अवस्थित सन्दकपुर गाउँपालिका वडा नं ८ को कालपोखरीमा तेस्रो रेडपाण्डा महोत्सव लगाउन लागिएको महोत्सवका संयोजक राई जानकारी गराए । इलाम सदरमुकामबाट १८ किलोमिटर यात्रागरेपछि सन्दकपुर गाउँपालिका १ स्थित रामसार क्षेत्र माईपोखरीमा पुगिन्छ । माईपोखरीमा पर्यटन सुचना केन्द्र रहेको छ, सुचना केन्द्रबाट सन्दकपुर गाउँपालिका भित्रका पर्यटकीय गन्तव्य भ्रमण गर्न सकिने पालिकाका प्रमुख प्रशासकीय अधिकृत दिलकुमार लिम्बले जानकारी दिए । उनले तेस्रो रेडपाण्डा महोत्सवमा पाण्डाको अवलोगनलगाई पर्यटकीय दृश्यहरु अवलोन गर्न आर्न्तरिक पर्यटकहरुलाई प्रमुख प्रशासकीय अधिकृत लिम्बुले आग्रहगरेका छन् ।

नेपाल, भारत, बगंलादेश पाकिस्थान, म्यानमारमा मात्रै पाइने रेड पाण्डाको अवलोकन गर्न नेपाल भारत सीमा क्षेत्र पर्ने सन्दकपुर गाउँपालिकले वर्षेनी लगानी गर्दै आईरहेको प्रमुख प्रशासकीय अधिकृत लिम्बुले बताए ।

पछिलो समय लोपउन्मुख वन्यजन्तु रेडपाण्डाका बारेमा सचेतना अभिवृद्धि । रेडपाण्डा वन वन्यजन्तु र जडिबुटी अध्ययन गर्न सन्दकपुरमा पर्यटकहरुको आकर्षण बढदै गएको छ ।

सन्दकपुर गाउँपालिका भित्रका पर्यटकीय स्थलको प्रचार प्रसारमा सबैको साथ सहयोग गर्न पनि महोत्सवका संयोजक राईले आग्रह गरेका थिए । विश्व रामसार सुचिमा सुचिकृत नाईपोसरीबाट पूर्वको जुस्याउले परिचित जोबारी जोड्ने रेडपाण्डा पदमार्गको प्रचारप्रसार र पदयात्रीको आवागमनमा वृद्धि भएको छ । सन्दकपुर छिन्टापुको पदयात्रा गर्ने पर्यटकको संख्या वर्षको हजार भन्दा बढी रहेको संयोजक राईले जानकारी दिए ।

सरकारी तथा गैरसरकारी संस्थाहरु पर्यावरण संरक्षण र पर्यटन प्रवर्द्धनमा सक्रिय । समुदायमा लोपउन्मुख वन्यजन्तु रेडपाण्डका बारेमा सचेतना अभिवृद्धि । रेवन वन्यजन्तु र परागी सबै जडीबूटी अध्ययन गर्ने पर्यटकको सन्दकपुरमा आकर्षण र पर्यटन व्यवसायीको लगानी यस तर्फ बढेको छ ।

रेडपाण्डा महोत्सव पहिलो महोत्सव २०८० चैत्र २० बैशाख १ गतेसम्म मनाएको थियो । त्यसैगरी दोसो रेडपाण्डा महोत्सव २०८१ चैत्र २० बाट २३ गतेसम्म आयोजना गरिएको थियो ।

महोत्सवको अन्तिम लक्ष्य रेडपाण्डाको माध्यमबाट पूर्वी नेपालको वनजंगल पर्यटनलाई चलायमान बनाउने, रेडपाण्डाको माध्यमबाट इलामको पर्यटन विकासलाई टेवा दिने, केचना देखि कंचनजंघासम्मको सीमा पर्यटनलाई नेतृत्व गर्ने, भुभागको पर्यावरण संरक्षणको नेतृत्वदायी भु-मिका खेल्न सीमा पालिलाई उत्प्रेरित गर्ने, रहेकोछ ।

# राम जन्मोत्समा ¥याली

विराटनगर । चैत शुक्ल नवमी अर्थात मर्यादा पुरुषोत्तम श्रीरामको जन्मदिन राम जयन्तीका नामले पनि परिचित राम नवमीको अवसरमा शुक्रवार विराटनगरको पंचमुखी हनुमान मन्दिरबाट वृहत मोटर साईकल -याली प्रदर्शन गरिएकोछ ।

असत्य र अन्धकारमाथि सत्य र मर्यादाको उज्यालो प्रादुर्भाव भएको दिनका रूपमा विश्व हिन्दु परिषद् कोशी प्रदेशको आयोजनामा ब्याली निकालिएको थियो । मोटरसाईकल ¥याली ट्राफिक चौक, संसारी माई स्थान, रोडशेष चौक, रानी, हुदै फेरी रोड शेष चौक भएर हाईवेमा हुँदै बजार परिक्रमा गरेका थिए ।

देशका विभिन्न भागमा रहेका राम मन्दिरका साथै घर-घरमा वैदिक सनातन हिन्दू धर्मावलम्बी हरूले मर्यादा पुरुषोत्तम श्रीरामको श्रद्धा, भक्तिपूर्वक पूजा आराधना गरी राम नवमी पर्व मानाएका छन् ।

देशभरीका राम मन्दिर, हनुमान मन्दिर लगायतको मन्दिरहरुमा शुक्रवार बिहानैदेखि भक्तजनको भीड लागेको थियो । विराटनगरको जतुवाम रहेको राम मन्दिर, ठाकुरवाडी रोडमा रहेको रामजानकी मन्दिर, रानीमा रहेको रामजानकी मन्दिर, विराटनगर-८ प्रगती विनायक टोलमा रहेको गणेश मन्दिरको परिसरमा रहेको रामजानकी मन्दिर जनकपुरधाम मा रहेको रामजानकी मन्दिरमा पनि पूजाअर्चना गर्न भक्तजनको घुइँचो लागेको थियो ।

जानकी मन्दिर परिसरमा मेला लाग्ने र उक्त मेलामा भारतबाट समेत हजारौं श्रद्धालु भक्तजन सहभागी भई पवित्र गङ्गासागरमा स्नान गरी रामजानकी मन्दिरमा पूजाआजा

# "जाउँ है पोखरा" अभियान पूर्वी नेपालबाट सुरु

विराटनगर,। दिगो पर्यटनको मूल आधार नै आन्तरिक पर्यटक भन्ने मान्यता अनुरुप २५ वर्ष अघि सुरु भएको अभियान यश वर्ष पूर्वी नेपालबाट सुरू गरेको होटल संघ पोखरा नेपालको अध्यक्ष लक्ष्मण सुवेदी वताउनु भयो ।

होटल संघ पोखरा नेपालीको आयोजना तथा नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश पोखराको प्रवर्द्धन तथा सह-आयोजनामा गरिएको "जाउँ है पोखरा" आन्तरिक पर्यटन प्रवर्द्धन अभियान, छलफल तथा अन्तरक्रिया कार्यक्रम सो कुरा अध्यक्ष सुवेदीले वताउनु भएको हो ।

आन्तरिक पर्यटन प्रबर्द्धनको मुख्य उद्धेश्य लिएर चैत ९ देखि १३ गते सम्म संचालन हुने अभियान अन्तर्गत वीरगंज, विराटनगर, इलाम र हेटौडालाई समेटिएको छ ।

अहिले पश्चिम एसियामा उत्पन्न तनावका कारण बाह्य पर्यटकको आगमन दर न्युन हुँदै गएको छ । विप्रेषण आप्रवाह प्रभावित हुने जोखिम बढेको र विश्वव्यापी मन्दि सिर्जना हुने आशंका पैदा भएको अवस्थामा हामीले आन्तरिक पर्यटनमा नै जोड दिनुपर्ने अवस्था रहेको अध्यक्ष सुवेदीको भनाइ छ ।

हवाई र स्थल कनेक्टिभिटिको विस्तार गर्दै पूर्वी नेपाल र पोखरा विच पर्यटक तथा व्यवसायको आदानप्रदान गर्ने महत्वपूर्ण उद्धेश्यका साथ विगतमा पोखरावाट भद्रपुर र विराटनगर जस्ता शहरसम्म संचालित सिधा हवाई सेवालाई पुनः नियमितता प्रदान गर्नेमा वहाँले जोड दिए ।

तीन वर्ष अघि पोखरामा उद्घाटन भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थका कारण वार्षिक १० लाख पर्यटकले विमानस्थलको सेवा सुविधा लिदै आएको छ ।

सुविधा सम्पन्न विमानस्थल बाट भुटान र चीनसम्म अन्तर्राष्ट्रिय उडान भइरहेको र आगामी दिनमा छिमेकी भारत लगायत अन्य देशमा समेत नियमित उडान संचालन हुनेमा विश्वस्त रहेको वहाँको भनाइ छ।

आन्तरिक पर्यटन प्रवर्द्धनकै लागि संघले फेवा नव वर्ष महोत्सव, भाइटिका महोत्सव, खाना महोत्सव जस्ता कार्यक्रम हरु समेत संचालन गर्दै आएको छ ।

पर्यटनको राजधानी पोखराको होटल क्षेत्रमा मात्र पाँच खर्ब रुपैयाँ भन्दा बढीको लगानी रहेको छ । सो क्षेत्रमा १ हजार २ सय होटलमा करिव ४० हजार वेड रहेको र १५ हजार भन्दा बढीले प्रत्यक्ष रोजगारी पाएको छ ।

पोखरामा वञ्जी जम्पिङ, जीप लाइनिङ, विभिन्न मठमन्दिरहरुमा सन्ध्याकालिन आरती, केबलकार,

बांकी अन्तिम पेजमा...

# बालेन-रविले...

नामहरूको सूची तयार गरि सार्वजनिक गर्नुपर्छ ।

नेपालमा अब गठन हुने सरकारसामु एउटा ऐतिहासिक अवसर छ । उनीहरूले केवल सरकार टिकाउने खेलमा लाग्ने कि राज्यका संस्थाहरूलाई सुधार्ने ? यदि सरकारले सुशासनको गफ मात्र दिने तर संवैधानिक परिषद्मा पुरानै भागबन्डा दोहोर्‍याउने हो भने, युवाहरूको विद्रोहले उनीहरूलाई सुख दिने छैन ।

तेस्रो, लामो सूचीका उम्मेदवार हरूसँग संसदीय सुनुवाइ समिति र संवैधानिक परिषद्को संयुक्त बैठकले अन्तर्वार्ता लिने र उत्कृष्ट तीन नामको सूची सार्वजनिक गर्ने तथा त्यस्ता नामहरुमा आम जनतालाई उजुरी वा गुनासो गर्ने मौका दिने । यस अवधिमा उम्मेदवारको आर्थिक पृष्ठभूमि, आपराधिक अभिलेख, नैतिक चरित्र र व्यावसायिक क्षमता बारे जानकारी माग्न सकिने ।

चौथो, प्राप्त उजुरीहरूमा संवैधानिक परिषद्को सचिवालय ले छानबिन गर्ने तथा आवश्यक परेमा उम्मेदवारलाई स्पष्टीकरण सोध्ने विधिको विकास गरिनु पर्छ । अन्तिममा त्यस्ता व्यक्तिलाई सिफारिस गर्ने तथा दायित्व दिने गर्नुपर्छ ।

**नयाँ सरकारको दायित्व**

नेपालमा अब गठन हुने सरकारसामु एउटा ऐतिहासिक अवसर छ । उनीहरूले केवल सरकार टिकाउने खेलमा लाग्ने कि राज्यका संस्थाहरूलाई सुधार्ने ? यदि सरकारले सुशासनको गफ मात्र दिने तर संवैधानिक परिषद्मा पुरानै भागबन्डा दोहोर्‍याउने हो भने, युवाहरूको विद्रोहले उनीहरूलाई सुख दिने छैन ।

नयाँ सरकारले पहिलो महिनामै संवैधानिक परिषद् ऐनलाई संशोधन गरी माथिका प्रावधानहरू समावेश गर्नुपर्छ । यो कुनै एक दलको हितमा होइन, सिंगो देशको भविष्यका लागि गरिएको लगानी हुनेछ ।

**हामीले के पाउँछौं त ?**

माथि उल्लेख गरिएको सुधारहरु लागू गरिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले साना माछा मात्र होइन, ठुला राजनीतिक माछालाई पनि समाउने आँट गर्नेछ। निर्वाचन आयोगले कसैको दबाब विना स्वतन्त्र र निष्पक्ष चुनाव सुनिश्चित गराउन भूमिका खेल्नेछ ।

लोकसेवा आयोगले आफ्नो निष्पक्षताको विरासतलाई अझै मजबुत बनाउनेछ । योग्यता र क्षमताका आधारमा कर्मचारी छनोट हुँदा सुशासन र विकासमा टेवा पुग्नेछ। मानव अधिकार आयोगले अन्तर्राष्ट्रिय स्तरमा आफ्नो 'ए' ग्रेड जोगाउन सफल हुनेछ। स्वतन्त्र र प्रभावकारी मानव अधिकार आयोगले अन्तर्राष्ट्रिय समुदायमा नेपालको छवि उज्ज्वल बनाउनेछ ।

यसका साथै राष्ट्रिय महिला आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग, मुस्लिम आयोग लगायतका सबै संवैधानिक आयोगहरूले आ-आफ्नो क्षेत्रमा प्रभावकारी काम गर्न सक्नेछन् ।

**सम्भावित जोखिम**

संवैधानिक परिषद् कुनै राजनीतिक सौदाबाजीको थलो होइन । यो त राज्यको पवित्र मन्दिर हो, जहाँबाट न्याय र सुशासनको धारा बग्नुपर्छ। ५/६ को कोरम, विपक्षी र न्यायालयको अनिवार्य उपस्थिति, विज्ञहरूको समावेशीकरण र दुई वर्षे कुलिङ-अफ पिरियड- यी केवल शब्दहरू होइनन्, यी त नेपालको लोकतन्त्रलाई बचाउने सञ्जीवनी हुन् ।

तथापि यी सुधारहरू कार्यान्वयनमा केही चुनौतीहरू छन् । जस्तै, यस विषयमा पुराना राजनीतिक दलहरूले प्रतिरोध गर्न सक्छन् । केही संवैधानिक व्यवधान देखिन सक्छ । विज्ञ सदस्यहरू स्वयं निष्पक्ष र योग्य हुनुपर्ने चुनौती हुनसक्छ । पारदर्शी र प्रक्रियामा समय र स्रोतको बढी खपत हुन सक्छ । तर, यी चुनौतीहरू सुशासन र लोकतन्त्रको मूल्यसँग तुलना गर्दा सामान्य छन् ।

आगामी सरकारले भविष्यका लागि बलियो प्रणाली बसाल्ने कि भागबन्डाकै हिलोमा पौडिने ? जेनजी पुस्ताले यो प्रश्नको उत्तरको व्यग्र प्रतीक्षा साथ कुरी रहेको छ । हामी यस्तो नेपालको कल्पना गरौं, जहाँ संवैधानिक निकायमा नियुक्त हुने व्यक्ति कुनै दलको कार्यकर्ता नभएर, राष्ट्रको सेवक होस् ।

नियुक्तिको आधार भागबन्डा नभएर योग्यता र क्षमता होस् । संवैधानिक परिषद्ले राजनीतिक दलको बैसाखी नभएर, संविधानको संरक्षकको भूमिका निर्वाह गरोस् । यो सपना साकार पार्ने जिम्मेवारी हामी सबैको हो- राजनीतिज्ञ, नागरिक, र युवा पुस्ताको ।

भागबन्डाको चक्रव्यूह तोड्नै पर्छ, योग्यताको पुनरागमन हुनै पर्छ । किनकि, राम्रो संस्था बन्यो भने मात्र राम्रो नेपाल बन्न सक्छ । र, राम्रो नेपाल हामी सबैको सपना हो । रातोपाटीबाट


## गाउँवासीहरूको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामादर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

देवानगञ्ज गाउँपालिका, गाउँपालिकाको कार्यालय सुनसरी, कोशी प्रदेश


# विराट योगद्धारा सहयोग रकम हस्तान्तरण



विराटनगर । विराट योग सेवा समिति राधाकृष्ण मन्दिर विराटनगर-१० द्वारा सप्ताह श्रीमद भागवत पुराणका लागि सहयोग हस्तान्तरण गरेका छन ।विराटनगर महानगर पालिका वडा नं. ८, १४ र १० मा रहेको यादव चौक राधाकृष्ण मन्दिर निर्माणको लागि चैत १५ गते देखि सुरू हुने भागवत पुराणको लागि योग समिति अध्यक्ष गंगा प्रसाद दाहालले पुरान समितिकी अध्यक्ष ममतालाई नगद १२ हजार ९५ सहयोग उपलब्ध गराएका छन् ।

उक्त सहयोग रकम विराट नगर-१० मा रहेको व्यायाम शालामा प्रत्येक दिन बिहान योग गर्न आउने योगीहरूवाट संकलन गरिएको थियो ।

यादव चोकमा चैत्र १५ गतेदेखि २३ सम्म राधाकृष्ण मन्दिर निर्माण गर्ने उदेश्यले सप्ताह श्रीमद भागवत पुराण हुने छ । सहयोग रकम ग्रहण गर्नुहुँदै भागवत पुराण समितिकी अध्यक्ष यादवले सहयोगी मनहरुलाई धन्यवाद दिदैश्रीमद भगवत पुराणमा पूजाअर्चना कथा श्रवण गर्न भक्तालुहरुमा सहभागी भईदिन आग्रह गर्नुभयो ।

श्रीमद भागवत धन-धन्याचल सप्ताह पुराणमा कथा छिमेकी मुलुक भारतको बृद्धावनका किश्वर स्वामीले कथा वाचन गर्ने कार्यक्रम रहेको अध्यक्ष यादवले जानकारी दिनुभयो ।

पुराणमा सवै भगतालु हरुलाई कथा सुन्न उहाँले आग्रहसमेत गर्नुभयो । श्रीमद भागवत धन-धन्याचल सप्ताह पुराण प्रत्येक दिन विहान ८ वजेदेखि १२ वजे र साझ ७ वजेदेखि राती ९ :३० वजे सम्म सञ्चालन हुनेछ ।

उक्त स्थानमा योग गुरु देव वशिष्ठले केही महिना अगाडि योग अभ्यास सुरू गर्नु भएको थियो । त्यसलाई अध्यक्ष दाहाल र विभिन्न वडाहरूबाट योग अभ्यासका लागि आएका योगीहरूले निरन्तरता दिई रहेका छन् ।

# क्षयरोग सन् २०५० सम्म निवारण गर्ने लक्ष्य

विराटनगर । सन् २०५० सम्ममा नेपाबाट क्षयरोग निवारण गर्ने नेपाल कारले लक्ष्य लिएकोछ ।

"हो ! हामी क्षयरोग अन्त गर्छौं । राष्ट्रिय अभियान, हाम्रो योगदान ।" २०२६ को मूल नारा सहित फागुन १० गते मनाउने विश्व क्षयरोग नियन्त्रण दिवसको अवसरमा फागुन ९ गते सोमवार पत्रकारहरूसँगको अन्तरक्रिया कार्यक्रममा स्वास्थ्य कार्यालय मोरङका अधिकृत मुलकचन्द राजवंशीले सो कुरा वताए ।

सो अन्तरक्रियामा क्षयरोगको परिचय, क्षयरोग कसरी सर्दछ, क्षयरोगको प्रकारहर, क्षयरोगका लक्षणहर, क्षयरोगको निदान, क्षयरोगको रोकथाम र क्षयरोगको तथ्यांक बारे अधिकृत राजवंशीले सहजीकरण गरेका थिए ।

तथ्यांकअनुसार मोरङमा पछिल्लो ८ महिनामा क्षयरोगबाट ३५ जनाको मृत्यु भएको र गत आर्थिक वर्ष मा ४० जनाको मृत्यु भएको थियो । मृत्यु हुनेमा १५ देखि ३९ वर्ष उमेर समूहका व्यक्तिहरु रहेको स्वास्थ्य कार्यालय मोरङका अधिकृत राजवंशीले जानकारी गराए ।

मोरङका सुन्दरहरैचा, पथरीशनिश्चरे, उर्लाबारी क्षेत्रमा क्षयरोगका संक्रमित बढी रहेको वताउँदै मोरङमा १७ वटै स्थानीय तहका १ सय २३ वटा सेन्टरबाट प्रत्यक्ष निगरानीमा निःशुल्क औषधि सेवन कार्यक्रम (डट्स) सेवा सञ्चालनमा रहेको अधिकृत राजवंशीले वताए ।

क्षयरोगका उपचार निःशुल्क रूपमा सरकारी स्वास्थ्य संस्थामा उपलब्ध रहेको वागमती समाज मोरङका परियोजना संयोजक रामप्रवेश कुमार महतोले जानकारी दिदै औषधि कम्तीमा ६ महिना वा चिकित्सकले तोकेको समयसम्म नियमित लिनुपर्ने र औषधि बीचमै छोड्दा रोग झन् गम्भीर हुने वहाँको भनाइ थियो ।

उक्त अन्तरक्रिया स्वास्थ्य कार्यालय मोरङ र बागमती सेवा समाजले संयक्त रुपमा आयोजना गरेको थियो ।

